१३ औं गाउँसभाका आदरणीय अध्यक्ष ज्यू,
गाउँसभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरु एवम् उपस्थित महानुभावहरु लगाएत सम्पूर्ण पुथा उत्तरगंगा बासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरु,नमस्कार ।

१. नेपाली जनताले लामो समयदेखि गर्दै आएको त्याग र बलिदानको उपजस्वरुप स्थापित संघीयता र गणतन्त्रको जगमा टेकेर गठित स्थानीय तहको दोस्रो कार्यकालको लागि निर्वाचित सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष पेश गर्न उपस्थित भएको छु ।सर्वप्रथम हामीलाई अमूल्य मत दिएर निर्वाचित गराउनुहुने सम्पूर्ण पुथा उत्तरगंगा बासी दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । साथै पुथा उत्तरगंगा गाउँपालिकामा रहेका विभिन्न विकासका बाधक तत्व र चुनौतीहरुको सामना गर्दै हरेक क्षेत्रहरुमा गाउँपालिकालाई सकारात्मक बाटोमा हिडाउन हरपल प्रयत्न गर्नुभएकोमा निवर्तमान जनप्रतिनिधिज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै उहाँहरुले देखाएको सही बाटोमा सँधै हिड्ने कुरामा प्रतिवद्धता व्यक्त गर्दछु ।

२. यस ऐतिहासिक क्षणमा म लोकतन्त्र, गणतन्त्र, अग्रगामी परिवर्तन र सामाजिक न्यायको लागि ईतिहासका कालखण्डमा भएका महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो ज्यानको बलिदानी गर्नुभएका महान सहिदहरुप्रति उच्च कदरसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनक्रान्तिमा अमुल्य योगदान गर्नुहुने पूर्व जनमुक्ति सेना, घाइते तथा अपांग नागरिक एवम् सहिद तथा वेपत्ता परिवारका सदस्यहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । साथै आ-आफ्नो तर्फबाट योगदान गर्नुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

३. स्थानीय सरकारहरुको संरचना निर्माण भएसँगै पुथा उत्तरगंगा गाउँपालिकाले जनताका माग आवश्यक्ताका आधारमा विकास निर्माणका गतिविधिहरु छनोट गरी कार्यान्वयन गर्दै आएको छ । भौगोलिक विकटता, न्युन राजश्व, दक्ष जनशक्तिको अभाव, प्रतिकुल मौसम लगाएतका कारणहरुले अपेक्षित रुपमा विकास निर्माणका कार्यहरु संचालन गर्न नसकिरहेको वास्तविकतालाई स्वीकार गर्दै पुथा उत्तरगंगा गाउँपालिकाका नागरिकहरुको विकासको चाहनालाई कहिल्यै पनि निराशामा परिणत हुन नदिने प्रतिवद्धता व्यक्त गर्दछु ।

४. लामो समयसम्म विश्वव्यापी महामारीको रुपमा संसारभर फैलिएको कोरोना भाईरसको संक्रमणका कारण यस गाउँपालिकाको अर्थतन्त्र पनि सिथिल हुन पुग्यो । महामारीले थला परेको अर्थतन्त्रलाई पुन लयमा फर्काउन गाउँपालिकाले आवश्यक पहलहरु गरिरहेको छ । आगामी आर्थिक वर्ष २०७९।०८० मा प्राप्त हुन सक्ने राजश्व रकम र पुथा उत्तरगंगा गाउँपालिकाका समग्र नागरिकहरुको माग तथा आवश्यक्ताको आधारमा आय व्ययको विवरण तयार गरी माथि उल्लेखित विषयहरुलाई समेटेर वार्षिक बजेट तयार गरिएको छ । साथै बजेट निर्माण गर्दा सम्भव भएसम्म सबै क्षेत्र र वर्गलाई समतामुलक ढङ्गबाट समेट्ने प्रयास गरिएको छ । मिति २०७९ असार ०९

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्र बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

गते बसेको गाउँसभाको बैठकबाट आर्थिक ऐन तथा विनियोजन ऐन स्विकृत भइसकेका छन् । मैले आगामी आर्थिक वर्षको आय र व्ययको अनुमान पेश गर्दा यिनै मुलभुत कानुनका विषयहरुलाई आधार बनाएको छु ।

५. नेपाल सरकारको "समृद्ध नेपाल:सुखी नेपाली" र लुम्बिनी प्रदेश सरकारको "समृद्ध प्रदेश:खुसी जनता" हुने सोच एवम् दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रहरुबीचको सहकार्यबाट हाम्रा लक्ष्य तथा उपलब्धि हासिल गर्नुपर्ने छ । यसर्थ समग्र पुथा उत्तरगंगा गाउँपालिकाको सर्वाङ्गीन विकासको यस अभियानमा हातमा हात मिलाइ सहयोग गर्न म सम्पूर्ण नीजि तथा सहकारी क्षेत्र एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुलाई आह्वान गर्दछु ।

६. आधारभुत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच, निशुल्क र गुणस्तरीय आधारभुत शिक्षा, कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता, सामाजिक न्याय तथा समानता सहितको परिस्कृत समाज, विकासका आधारभुत आवश्यक्ताको परिपूर्ति, स्वच्छ र स्वस्थ वातावरण एवम् संचार तथा उर्जामा नागरिकको पहुँच लगाएतका विषयहरु यस गाउँपालिकाका प्रमुख आवश्यक्ताहरु हुन् । यी सबै विषयहरुलाई प्राथमिकतामा राखेर मैले आर्थिक वर्ष २०७९।०८० को बजेट तयार पारेको छु ।

सभाध्यक्ष महोदय

मैले आर्थिक वर्ष २०७७/०७८ सालको आम्दानी र खर्चको यथार्त विवरण देहायबमोजिम पेश गरेको छु ।

आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न शिर्षकहरुबाट रु ४७ करोड ५१ लाख ४ हजार बजेट प्रास हुने अनुमान गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्म जम्मा ९४.८७ प्रतिशत अर्थात रु. ४५ करोड ७ लाख ७८ हजार मात्र राजश्व प्रास भएको थियो । संघीय र प्रदेश सरकारबाट हस्ताण्तरण हुने समानिकरण, सशर्त, विशेष र समपुरक अनुदान लक्ष्य अनुरुप नै प्रास भएतापनि आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट लक्ष्यअनुरुप रकम प्रास नहुँदा केही आयोजनाहरुको दायित्व आर्थिक वर्ष २०७८/०७९ मा सिर्जना भएको थियो । आर्थिक वर्षको अन्त्यसम्म कुल प्रास भएको बजेटमध्ये चालु खर्च ९४.३४ प्रतिशत र पुँजीगत खर्च ९१.७० प्रतिशत गरी औसतमा ९३.०२ प्रतिशत बजेट खर्च भएको थियो जुन पुथा उत्तरगंगा गाउँपालिकाले हालसम्म हासिल गरेको उच्च खर्च प्रतिशत हो।

**अब म चालु आर्थिक वर्ष २०७८/०७९ का अर्थतन्त्रका महत्वपूर्ण सूचक र संशोधित अनुमान यस सभासमक्ष पेश गर्दछु।**

७. चालु आर्थिक वर्षमा संघीय सरकारबाट वित्तीस समानकिरण अनुदान वापत रु. १० करोड ७८ लाख र राजश्व बाँडफाँटबाट रु. ८ करोड ३६ लाख ३१ हजार प्रास हुने लक्ष्य रहेकोमा ज्येष्ठ मसान्तसम्म वित्तीय समानिकरण अनुदान लक्ष्यअनुरुप प्रास भएको छ भने राजश्व बाँडफाँट रु. ६

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |

करोड ७५ लाख ५८ हजार ४ सय दश पैंसा ६ मात्र अर्थात अनुमानको करिब ८०.७४ प्रतिशत मात्र प्राप्त भएको छ । संघीय राजश्व बाँडफाँडतर्फ चालु आवको मसान्तसम्ममा रु. ७ करोड ५० लाख प्राप्त हुने अनुमान रहेकोमा बाँकी अनुमानित रकम रु. ८६ लाख ७१ हजार आगामी आर्थिक वर्षमा दायित्व सिर्जना हुने देखिन्छ । यसैगरी संघीय सरकारबाट हस्ताण्तरण हुने सशर्त अनुदानमा केही थप भई रु. २५ करोड ९५ लाख ४९ हजार र विशेष अनुदान वापत लक्ष्य अनुरुप नै रु. १ करोड ९१ लाख प्राप्त हुने देखिन्छ ।

८. यस्तै लुम्बिनी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान बापत रु. ५१ लाख २४ हजार र राजश्व बाँडफाँट रु. ६२ लाख ४५ हजार ३ सय प्राप्त हुने अनुमान गरिएकोमा ज्येष्ठ मसान्तसम्म समानिकरण अनुदान रकम लक्ष्यअनुरुप प्राप्त भएको छ भने राजश्व बाँडफाँट रु. ३८ लाख ६२ हजार मात्र प्राप्त भएको छ ।लुम्बिनी प्रदेश सरकारकै समपुरक र विशेष अनुदानतर्फ लक्ष्यअनुरुप रु. २ करोड १० लाख प्राप्त भईसकेको छ ।

९. यसैगरी गाउँपालिकाको आन्तरिक आम्दानीतर्फ आन्तरिक श्रोत र गत आवको मौज्दात गरी १ करोड ५० लाख प्राप्त हुने अनुमान गरिएकोमा ज्येष्ठ मसान्तसम्म रु. १ करोड ४५ लाख अर्थात झण्डै ९६ प्रतिशत रकम प्राप्त भएको छ ।

१०. यसरी समग्रमा चालु आ.व २०७८/०७९ मा लक्ष्य अनुसारको राजश्व रकम रु. ५२ करोड ९२ लाख ३५ हजार ३ सय मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा ४९ करोड ५० लाख अर्थात झण्डै ९३ प्रतिशत रकम प्रपत् हुने अनुमान गरिएको छ । साथै स्थानीय तह सदस्य निर्वाचन तथा अन्य विविध कारणहरुले खर्च प्रक्रियमा सुस्तता आएतापनि ज्येष्ठ मसान्तसम्म चालु खर्च ७१ प्रतिशत र पुँजीगत खर्च ६२ प्रतिशत गरी औसतमा ६६.५ प्रतिशत बजेट खर्च भएको छ यो अघिल्लो आवको सोही समयको तुलनामा ४ प्रतिशत कम हो । चालु आवको अन्त्यसम्ममा चालु खर्च जम्मा ८९ प्रतिशत र पुँजीगत खर्च ८१ प्रतिशत गरी औसतमा ८५ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

११. मैले पुथा उत्तरगंगा गाउँपालिकामा सर्वाङ्गीन क्षेत्रको समानुपातिक विकास मार्फत जनताको जिवनस्तर सुधार गर्न हाम्रो सामु रहेका मुख्य चुनौतीहरुलाई यस प्रकार पेश गरेको छु :

- भौगोलिक बनावट धेरै नै ठूलो साथै संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान एवम् गाउँपालिकाको आन्तरिक राजश्वको आकार सानो हुनु । हरेक वडाहरुमा सडक संजालको पहुँच नहुनु ।
- प्रविधिमैत्री शैक्षिक पूर्वाधार एवम् दक्ष र योग्य शैक्षिक जनशक्तिको अभाव हुनु ।
- स्वास्थ्य संस्थाहरुको कमजोर भौतिक संरचना र आधुनिक स्वास्थ्य औजार उपकरणहरुको अभाव हुनु

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

- युवाहरुलाई वैदेशिक रोजगारीमा जानबाट रोकी गाउँपालिकाभित्रै कृषि उत्पादनमा लाग्न प्रोत्साहित गर्न नसकिनु।
- गाउँपालिकाभित्रका विभिन्न श्रोतहरुबाट संकलन हुन सक्ने राजश्व चुहावट रोकी आन्तरिक राजश्व संकलनलाई मजबुत बनाउनु ।
- बालविवाह, बहुविवाह, जातीय तथा लैङ्गिक भेदभाव तथा अन्य विभेदहरुको अन्त्य गर्नु ।
- गाउँपालिकाका हरेक क्षेत्रहरुमा तीव्र गतिको इन्टरनेट र फोन सेवा विस्तार गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र अद्यावधिक गर्दै प्रविधिको उच्चतम प्रयोग गर्नु । आदि ।

१२. थुप्रै प्रकारका चुनौतीहरु हाम्रो सामु भएतापनि हामीलाई आज विभिन्न विकास निर्माणका साझेदारहरुसँग हातेमालो गर्दै विकासको मुहान फुटाउने स्वर्णिम अवसर प्राप्त भएको छ । अब मैले आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्य एवम् प्राथमिकताहरुलाई देहायबमोजिम प्रस्तुत गर्दछु :

क. सम्पुर्ण नागरिकलाई आधारभुत, गुणस्तरीय र सर्वसुलभ शिक्षाको पहुँचमा पुर्याउनु ।

ख. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको नागरिकले महशुस गर्ने गरी प्रवाहीकरण गर्नु ।

ग. बहुआयामिक गरिबी घटाउँदै रोजगारीको माध्यमबाट गाउँपालिकाका नागरिकहरुको आयस्तर सुधार गर्नु ।

घ. कृषि तथा पशुजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउँनु ।

ङ. पर्यटनको पर्याप्त सम्भावना बोकेको यस क्षेत्रमा पर्यटकहरुलाई भित्र्याइ जनताको आयस्तरमा स्तरोन्नति गर्नु ।

च. सबै नागरिकहरुलाई सडक यातायातको पहुँचमा पुर्याउनु ।

छ. नेपालको संविधानले नागरिकहरुलाई प्रदत्त गरेका मौलिक हक तथा अधिकारहरुको सुनिश्चितता गर्नु.

ज. गाउँपालिका तथा अन्तर्गत निकायबाट प्रवाह हुने सार्वजनिक सेवाहरुलाई व्यवस्थित बनाउँदै नागरिकले महशुस गर्ने गरी सहजीकरण गर्नु र सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाउनु, आदि ।

सभा अध्यक्ष महोदय,

मैले पुथा उत्तरगंगा गाउँपालिकाको नीति तथा कार्यक्रम एवम् नागरिकका माग र आवश्यक्ताका आधारमा देहायबमोजिम खर्च हुने गरी आगामी आर्थिक वर्ष २०७९/०८० को लागि व्ययको अनुमान यस समासमक्ष पेश गरेको छु ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

१३. नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र विशेष अनुदानका आयोजनाहरु छनौट गर्दा माग र आवश्यक्तालाई प्राथमिकतामा राखी, तोकिएको मार्गदर्शनको अधिनमा रही समयमै खर्च गर्ने व्यवस्था मिलाएको छु ।

१४. प्रदेश सरकारबाट शिक्षा क्षेत्रको विकासको लागि विशेष अनुदान मार्फत पठाईएको रु ६० लाखलाई सबै विद्यालयहरुमा शैक्षिक गतिविधिका कार्यक्रमहरुमा संचालन गरिनेछ ।

१५. यस गाउँपालिकाको सिफारीसको आधारमा योजनाहरु कार्यान्वयन गर्न लुम्बिनी प्रदेश सरकारले उपलब्ध गराएको समपुरक अनुदान रकम रु १ करोड ५० लाखमा गाउँपालिकाको साझेदारी सुनिश्चित गर्न रु १ करोड २५ लाख बजेट विनियोजन गरेको छु भने चालु आर्थिक वर्षमा अपेक्षित राजश्व रकम प्राप्त हुन नसक्दा आगामि आर्थिक वर्षको लागि दायित्व सिर्जना भएका योजनाहरुको रकम भुक्तानी गर्न रु १ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

<u>कृषि तथा पशुपालन :</u>

१६. ८० प्रतिशत भन्दा धेरै जनसंख्या आश्रित रहेको कृषि क्षेत्र पुथा उत्तरगंगा गाउँपालिकाको आर्थिक समृद्धिको आधार हो । परम्परागत कृषि प्रणालीलाई आधुनिक, व्यावसायिक र प्रविधिमैत्री बनाउँदै लगिनेछ जसको लागि **सहिद स्मृति कृषि विकास कार्यक्रम** अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१७. पुथा उत्तरगंगा गाउँपालिकामा स्याउ तथा ओखर लगाएतका महत्वपूर्ण कृषि उपजहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न चालु आर्थिक वर्षमा स्थापना गरिएका व्यावसायिक उत्पादन केन्द्रलाई निरन्तरता दिदै नयाँ व्यावसायिक केन्द्रहरु स्थापना गरिनेछ जसको लागि रु १८ लाख बजेट विनियोजन गरेको छु ।

१८. यस क्षेत्रको प्रमुख खाद्यान्न बाली मकैको प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा रु २० लाख बजेट विनियोजन गरेको छु । परम्परागत तथा प्राङ्गारिक बालीहरुको संरक्षण गर्न रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिनेछ जसको लागि रु १० लाख बजेट विनियोजन गरेको छु । यसैगरि तरकारी बीउ उत्पादनलाई अभिवृद्धि गर्न संघीय सरकारबाट हस्ताण्तरित सशर्त अनुदानबाट दायित्व सिर्जना हुने गरी रु १५ लाख बजेट विनियोजन गरेको छु ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

१९. कृषकहरुसँगको लागत साझेदारीमा नर्सरी व्यवस्थापन कार्यक्रम, सिँचाई मर्मत सम्भार कार्यक्रम, माटो व्यवस्थापन तथा बगैंचा सुधार कार्यक्रम एवम् मौरी तथा च्याउ प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ जसको लागि आगामी आर्थिक वर्षमा ३० लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२०. विभिन्न कृषि उपजहरुको उत्पादन बढाउन कृषकहरुलाई उन्नत तथा हाइब्रिड जातका फलफुल र बिरुवाका बेर्नाहरु वितरण गरिनेछ जसको लागि गाउँपालिकाको श्रोतबाट व्यहोरिने गरी रु २५ लाख बजेट बिनियोजन गरेको छु । साथै तरकारीको उन्नत तथा हाइब्रिड बिँउ वितरण, साना मेशिनरी औजारहरु वितरण एवम् हिमाली धान प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । यसैगरी बेमौसमी तरकारी खेती प्रवर्द्धन गर्न नमुनाको रुपमा गाउँपालिकाका २ वटा स्थानहरुमा हाइटेक नर्सरी स्थापना गर्न रु ७ लाख बजेट विनियोजन गरेको छु ।

२१. पशुपंक्षीमा लाग्ने रोगहरुबाट पशुजन्य उत्पादनको गुणस्तर र परिमाणमा ह्रास आउन नदिन पर्याप्त औषधिको प्रबन्ध गर्ने व्यवस्था मिलाएको छु । साथै पशुपंक्षीहरुमा लागेका रोगहरुको निदान गर्न घुम्ती शिविर संचालन गर्न एवम् गाउँपालिकाको पशु सेवा शाखामा आधारभुत भेटेरिनरी प्रयोगशाला स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२२. गाउँपालिकाभित्रका पशुधनहरुको सुरक्षा गर्न निशुल्क पशु विमा कार्यक्रम संचालनका लागि रु ३ लाख बजेट विनियोजन गरेको छु ।

२३. संघीय सरकारको विशेष अनुदानबाट दायित्व सिर्जना हुनेगरी बाख्रामा नश्ल सुधार गर्न उन्नत बोका वितरण, उन विकासका लागि भेडा प्रवर्द्धन गर्न एवम् बंगुरपालनलाई प्रोत्साहन गर्न रु ३० लाख बजेट विनियोजन गरेको छु ।

२४. यसरी समग्र कृषि तथा पशुसेवाको क्षेत्रमा खर्च हुने गरी आगामी आर्थिक वर्षको लागि जम्मा रु २ करोड ७० लाख बजेट विनियोजन गरेको छु ।

**रोजगार :**

२५. पुथा उत्तरगंगा गाउँपालिकाले कार्यान्वयनमा ल्याएको सहिद स्मृति रोजगार कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी कार्यान्वयनमा ल्याईनेछ । जस अन्तर्गत मेशिनरी औजार र सुरक्षण सामग्रीहरु खरिद गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आयोजनाहरु संचालन गरी रोजगारी अभिवृद्धि गर्न संघीय सरकारबाट हस्ताण्तरित सशर्त अनुदानबाट प्राप्त रु ८७ लाख १५ हजार बजेटलाई समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनिराज घर्ति |
| नि. प्रमुख प्रशासकीय अधिकृत | गा. पा. उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

२७. गाउँपालिकाका बेरोजगार युवाहरुलाई सिपमुलक तालिमहरुको व्यवस्था गरी रोजगार बनाउन विभिन्न गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी आवश्यक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छ ।

पर्यटन :

२८. पुथा हिमाल र उत्तरगंगा नदीको बीचमा रहेका विभिन्न भौगोलिक विशेषता, विभिन्न खोलानाला तथा तालतलैयाहरु, उच्च पहाडी तथा हिमाली श्रृङ्खलाहरु, वन पैदावारहरु र आदिवासी जनजाति मगर समुदायको रितितिथि र संस्कृतिलाई समेटेर गाउँपालिकाको वृहत पर्यटन गुरुयोजना निर्माण गरिनेछ जसका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु यसैगरी पर्यटन डकुमेन्ट्री निर्माण गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।

२९. गाउँपालिकामा आउने पर्यटकहरुलाई पर्यटकीय गन्तव्यहरुको पहिचानमा सहजीकरण गर्न विभिन्न स्थानहरुमा पर्यटन सिग्नल बोर्डहरु राख्न रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३०. गाउँपालिकाको माथिल्लो क्षेत्रमा पदमार्ग निर्माण गरिनेछ भने गाउँपालिकाको प्रवेशद्धारमा पहिचानसहितको स्मारिका निर्माण गरिनेछ यसको लागि रु १० लाख बजेट विनियोजन गरेको छु । यसैगरी पर्यटनलाई युद्धसँग जोडि सहिदको सम्मान गर्न दल्के रोका सहिद गेट निर्माण गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु ।

उद्योग, वाणिज्य तथा उद्दमशिलता :

३१. पुथा उत्तरगंगा गाउँपालिकाका विभिन्न वडाहरुमा नागरिकहरुलाई सीप विकास तालिम मार्फत उद्दमी बनाउँने लक्ष्य अनुरुप लघु उद्दम विकास कार्यक्रम संचालन निर्देशिका बमोजिम नयाँ उद्दमी संचालन गर्न रु २३ लाख ६० हजार बजेट विनियोजन गरेको छु । यसैगरी चालु आ.व. मा सिर्जना भएका उद्दमीहरुको स्तरोन्नति गर्न आवश्यक्ता पहिचानका आधारमा पुनर्ताजगी तालिमको व्यवस्था मिलाएको छु जसको लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

३२. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्न समूहमा प्रविधि हस्ताण्तरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

शिक्षा, युवा तथा खेलकुद :

३३. विद्यार्थीमैत्री शैक्षिक पूर्वाधार, दक्ष र योग्य जनशक्तिको उत्पादन, पठन पाठनमा उच्चतम प्रविधिको प्रयोग र विद्यार्थीहरुमा अनुशासन अभिवृद्धि गरी समग्र शिक्षा क्षेत्रलाई अब्बल बनाउन सहिद स्मृति

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनिराज घर्ति |
| नि. प्रमुख प्रशासकीय अधिकृत | गा.पा.उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

शैक्षिक विकास कार्यक्रम मार्फत आवश्यक कार्यक्रमहरु संचालन गर्न बजेट विनियोजन गरेको छु ।

३४. पुथा उत्तरगंगा गाउँपालिकाको स्थानीय वस्तुस्थितिलाई समेटेर स्थानीय पाठ्यक्रम लागु गर्न रु १५ लाख बजेट विनियोजन गरेको छु । यसैगरी निरन्तर विद्यार्थी मूल्यांकन एवम् शैक्षिक स्मारिका तथा क्यालेण्डर प्रकाशन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३५. योग्य र सक्षम जनशक्तिले मात्रै विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक कर्मचारी तथा बाल विकास सहजकर्ताहरुलाई विभिन्न क्षमता विकास एवम् व्यावसायिक तालिमहरु उपलब्ध गराइने छ जसका लागि आव २०७९।०८०· मा रु १३ लाख बजेट विनियोजन गरेको छु । साथै विद्यालयको निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्दै उत्कृष्ट विद्यालय, शिक्षक एवम् विद्यार्थी छनौट गरी प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३६. गाउँपालिकाले मातहतका विद्यालयहरुमा पठन पाठन कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले स्वयमसेवक करार शिक्षकहरुको व्यवस्था गरेको छ । वास्तविक आवश्यक्ताको आधारमा करार स्वयमसेवक शिक्षकहरुको पदपूर्ति गरी व्यवस्थापन गर्न आगामी आर्थिक वर्षको लागि रु ४ करोड १७ लाख बजेट विनियोजन गरेको छु । साथै सामुदायिक विद्यालयहरुमा किशोरीहरुलाई निशुल्क स्यानिटरी प्याडको व्यवस्था गर्न रु १२ लाख ६ हजार बजेट विनियोजन गरेको छु ।

३७. विद्यालय तहबाट खेलकुद प्रतिभाहरुको पहिचान गरी प्रोत्साहन गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, प्रतिभा पहिचान कार्यक्रम र अध्यक्ष कप खेलकुद कार्यक्रम संचालन गरिनेछ जसको लागि रु १६ लाख बजेट विनियोजन गरेको छु ।

३८. विद्यार्थीहरुलाई विद्यालयमा टिकाइ राख्न एवम् बालबालिकाको स्वास्थ्यलाई जंक फुडहरुको प्रभावमा पर्न नदिन दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै विद्यार्थीहरुलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

३९. यसरी आधारभुत तह र माध्यमिक तहमा शिक्षक व्यवस्थापन एवम् विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरुको लागि संघीय सरकारबाट हस्ताण्तरित सशर्त अनुदानबाट प्राप्त हुने रकम रु १४ करोड ४६ लाख र पुथा उत्तरगंगा गाउँपालिकाको श्रोतबाट व्यहोर्ने गरी रु ४ करोड ९० लाख गरी शिक्षा क्षेत्रमा जम्मा १९ करोड ३६ लाख बजेट विनियोजन गरेको छु ।

<u>स्वास्थ्य</u> :

| बशिष्ट नारायण यादव<br>नि.प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा. पा उपाध्यक्ष | पुनीराज घर्ती मगर<br>गा.पा अध्यक्ष |
|---|---|---|
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

४०. सबै नागरिकको पहुँचमा गुणस्तरीय, सर्वसुलभ र आधारभुत स्वास्थ्य सेवा पुर्याउनु यस गाउँपालिकाको प्रमुख लक्ष्य हो । जसको लागि गाउँपालिकाले आव २०७८।०७९ देखि लागु गरेको सहिद स्मृति स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिँदै कार्यक्रमहरु संचालन गरिनेछ ।

४१. गुणस्तरीय स्वास्थ्य सेवाको प्रवाह गर्न स्वास्थ्य संरचनाहरुको संरचना बलियो हुन जरुरी छ । गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा रु २० लाख बजेट विनियोजन गरेको छु ।

४२. आगामी आर्थिक वर्षदेखि अध्यक्ष कार्यक्रम सुचारु गरी जनयुद्धका घाईते, अपांग, पूर्व जनमुक्ति सेना, सहिद तथा वेपत्ता परिवारका सदस्यहरुलाई निशुल्क स्वास्थ्य बिमा गरिनेछ जसको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु । साथै हरेक महिना घुम्ती स्वास्थ्य शिविर संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४३. पुथा उत्तरगंगा गाउँपालिकाको भौगोलिक जटिलतालाई मध्यनजर गर्दै उच्च रक्तचाप, दम, मधुमेह लगाएतका दीर्घ रोग लागेका बिरामीहरु एवम् बालबालिका, ज्येष्ठ नागरिक, गर्भवति तथा सुत्केरी महिला र अति अशक्त अपांगहरुलाई नियमित चिकित्सकीय निगरानीमा राख्न **एक कलमा डाक्टर सेवा र टेलिमेडिसिन सेवा** सुचारुका लागि रु १२ लाख बजेट विनियोजन गरेको छु । उच्च रक्तचाप, मधुमेह, दम जस्ता दीर्घ रोग लागेका अति विपन्न नागरिकहरुलाई औषधि उपचारमा सहुलियत उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

४४. **उपाध्यक्ष स्वास्थ्य कार्यक्रम** संचालन गर्न र सो अन्तर्गत गर्भवति तथा सुत्केरी महिला एवम् स्वास्थ्य चौकीमा जन्म लिने छोरीहरुको निशुल्क स्वास्थ्य बिमा गर्न रु १३ लाख ५० हजार बजेट विनियोजन गरेको छु । साथै **चेली सँग उपाध्यक्ष कार्यक्रम** अन्तर्गत सार्वजनिक स्थलहरुमा किशोरीहरुमाथि हुने हिंसा र किशोरावस्थामा उनीहरुमा आउने आकस्मिक परिवर्तनहरुको बारेमा फोनबाटै परामर्श सेवा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

४५. सुनौला हजार दिनका आमाहरुलाई पर्याप्त पोषिलो खानेकुरा र पोषण सम्बन्धी परामर्शको व्यवस्था गरिनेछ । जसको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आगामी आवमा कार्यक्रमहरु संचालन गर्न रु २४ लाख २८ हजार बजेट विनियोजन गरेको छु ।

४६. संघीय सशर्त अनुदानबाट अनुदान प्राप्त प्रजनन स्वास्थ्य तथा किशोरी सम्बन्धी कार्यक्रम, महामारी रोग नियन्त्रण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम तथा उपचारात्मक सेवा कार्यक्रमलाई तोकिएको मार्गदर्शन बमोजिम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

४७. पुथा उत्तरगंगा गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय र प्रभावकारी औषधि एवम् औषधिजन्य मालसामानहरुको पर्याप्त व्यवस्था गरिनेछ । आव २०७९।०८० मा औषधि तथा औषधिजन्य मालसामानहरु खरिद गर्न गाउँपालिका र संघीय सरकारको सशर्त अनुदानबाट लागत व्यहोर्ने गरी रु ४२ लाख ६० हजार बजेट विनियोजन गरेको छु । जनस्तरमा सबैभन्दा निकटको सम्बन्धमा रहने

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनिराज घर्ति |
| नि. प्रमुख प्रशासकीय अधिकृत | गा.पा.उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई स्वास्थ्य शिक्षा प्रसारका लागि ग्रामिणस्तरमा परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन गर्न आव २०७९।०८० मा रु १३ लाख बजेट विनियोजन गरेको छु ।

४८. यसरी आर्थिक वर्ष २०७९।०८० मा समग्रमा स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु संचालन गर्न संघीय सशर्त अनुदान र गाउँपालिकाको श्रोतबाट व्यहोर्ने गरी जम्मा रु ४ करोड ५४ लाख बजेट विनियोजन गरेको छु ।

<u>खानेपानी तथा सरसफाई :</u>

४९. पुथा उत्तरगंगा गाउँपालिकाका आम नागरिकहरुलाई स्वच्छ र स्वस्थ खानेपानी उपलब्ध गराउन प्रयत्न र पहलहरु भईरहेको छ । खानेपानीका व्यबस्थित संरचनाहरु निर्माण गर्न पुथा उत्तरगंगा गाउँपालिका वडा नं १२ गर्खानीमा रु १५ लाख र वडा नं १० मा रु १७ लाख बजेट विनियोजन गरेको छु । साथै विभिन्न वडाहरुमा प्रदेश सरकारबाट खानेपानी आयोजनाहरु संचालन गर्ने व्यवस्था मिलाएको छु ।

५०. मुख्य व्यापारिक केन्द्रहरुमा कुहिने र नकुहिने फोहोरको उचित व्यवस्थापन गर्न विभिन्न स्थानहरुमा डस्टबीनको व्यवस्था गरिनेछ । साथै गाउँघरमा उत्पादन हुने कुहिने प्रकृतिका फोहोरहरुबाट कम्पोष्ट मल बनाईनेछ । आ.व. २०७९/०८० मा फोहोरमैला व्यवस्थापन गर्न रु. १० लाख बजेट विनियोजन गरेको छु ।

<u>कला र संस्कृति :</u>

५१. पुथा उत्तरगंगा गाउँपालिका आदिवासी जनजाति मगर समुदायको मौलिक रितिथिति र सँस्कृतिले सुसज्जित भएको ठाउँ हो । यहाँका आदिबासी जनजातिहरुका पर्वहरु भुम्या तथा माघे संक्रान्तिको संरक्षण र सम्बर्द्धन गर्न एवम् स्थानीय भाषाको प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :</u>

५२. नेपालको संविधानले नागरिकहरुलाई छुवाछुत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक तथा सामाजिक न्यायको हक लगाएतका मौलिक हकहरुको व्यवस्था गरेको छ । नेपालको संविधानले प्रदत्त गरेको हकलाई कार्यान्वयनको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनिराज घर्ति |
| नि. प्रमुख प्रशासकीय अधिकृत | गा.पा. उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

५३. हाम्रो समुदायमा महिलाहरु विभिन्न प्रकारका घरेलु तथा सामाजिक हिंसाको शिकार हुने गरेका छन् । त्यस्था हिसापिडित महिलाहरुलाई मनो परामर्श सेवा तथा सुरक्षा प्रदान गर्न गाउँपालिकाको केन्द्र तकसेरामा **सेफ हाउस** स्थापना गर्न रु ४५ लाख र वडा नं ५ मा महिला परामर्श सेवा भवन निर्माण गर्न रु ५० लाख बजेट विनियोजन गरेको छु ।

५४. आव २०७९।०८० मा महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपांग तथा आदिवासी जनजाति लक्षित कार्यक्रमहरु संचालन गरिनेछन् जसको लागि रु ३७ लाख बजेट विनियोजन गरेको छु ।

५५. अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विभिन्न प्रकारका कार्यक्रमहरु आयोजना गर्ने व्यवस्था मिलाईनेछ । साथै मानसिक रोग लागेका बिरामीहरुलाई निशुल्क परामर्स सेवा र औषधिको व्यवस्था गरिनेछ । बालविवाह न्युनिकरण गर्दै परिस्कृत समाज निर्माणको कार्यलाई प्रभावकारी बनाउन रु ५ लाख बजेट विनियोजन गरेको छु ।

५६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यक्रमहरु संचालन गर्न जम्मा रु १ करोड ७ लाख बजेट विनियोजन गरेको छु ।

<u>सडक,पुल तथा सिँचाई :</u>

५७. पुथा उत्तरगंगा गाउँपालिका बासी सम्पूर्ण दिदी बहिनी तथा दाजुभाईहरुका आधारभुत आवश्यक्ताहरु पुर्ति गर्दै दैनिकी सहज बनाउँने खालका भौतिक पूर्वाधार निर्माणमा जोड दिईनेछ । जसका लागि संघीय र प्रदेश सरकारसँग समेत लागत साझेदारी गरी योजनाहरु संचालन गर्ने व्यवस्था मिलाएको छु । अघिल्लो र चालु आ.व. निर्माण सुरु गरिएपनि पर्याप्त अनुमान बमोजिम राजश्व रकम प्राप्त नहुँदा भुक्तानी नभएका योजनाहरु आगामी आवमा निर्माण सम्पन्न गरी भुक्तानी गरिनेछ । यसका लागि रु १ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

५८. लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान र गाउँपालिकाको श्रोतबाट साझेदारीमा खर्च व्यहोरिने गरी वडा नं ७ र ८ मा मानम काँस्तारा चारगाउँ सडक खण्ड निर्माणको लागि रु. १ करोड विनियोजन गरेको छु । साथै ओख्मा त्रिवेणी सडक वडा नं १३, गर सतिपोले मैकोट सडक र गर रन्मा सडक खण्ड निर्माण गर्न ५०/५० लाख बजेट विनियोजन गरेको छु ।

५९. वडाबाट कार्यान्वयन गर्नेगरी विभिन्न आयोजनाहरु संचालन गर्न रु. ३ करोड ९० लाख गरी जम्मा पूर्वाधार विकास तर्फ रु. ९ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

<u>भवन तथा शहरी विकास :</u>

६०. पुथा उत्तरगंगा गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नभएको अवस्थामा भवन मागको लागि सम्बन्धीत निकायमा विस्तृत परियोजना प्रतिवेदन पठाईएको छ । आर्थिक वर्ष २०७९।०८० बाट

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनिराज घर्ती<br>गाउँपालिका अध्यक्ष |

प्रशासनिक भवन निर्माणको कार्य प्रारम्भ गर्न बजेट विनियोजन गरेको छु । ४ र १३ नं वडाहरुमा सार्वजनिक सेवाहरु प्रवाहमा सहजीकरण गर्न प्रशासनिक भवन निर्माणको लागि रु ४० लाख बजेट विनियोजन गरेको छु ।

६१. प्रत्येक नागरिकहरुलाई नेपालको संविधानले प्रदत्त गरेको आवासको हक सुनिश्चित गरिनेछ । यसका लागि सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरका छानाहरुलाई टिनले विस्थापन गर्न रु ३४ लाख बजेट विनियोजन गरेको छु ।

लघु तथा साना जलविद्युत एवम् वैकल्पिक उर्जा :

६२. पुथा उत्तरगंगा गाउँपालिकाभित्र विद्युतको पहुँच नपुगेका स्थानहरु अति विपन्न र गरिब घरपरिवारलाई निःशुल्क सौर्य उर्जा उपलब्ध गराईनेछ । जसका लागि संघीय सरकारबाट हस्ताण्तरित सशर्त अनुदानबाट व्यहोर्ने गरी रु ८ लाख बजेट विनियोजन गरेको छु ।

६३. विभिन्न स्थानहरुमा निर्माण गरिएका लघु तथा साना जलविद्युतहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

वन,वातावरण तथा विपद व्यवस्थापन

६४. विभिन्न मानवीय तथा प्राकृतिक कारणहरुले वन जंगलहरुमा हुने क्षति तथा ह्रासहरु नियन्त्रण गर्न पहल गरिनेछ । बाढि, पहिरो तथा भुक्षयको कारण जोखिममा रहेका क्षेत्रहरुमा ग्याबिन जाली लगाउने तथा भिराला खाली जमिनहरुमा वृक्षारोपण गरिनेछ । आव २०७९/०८० मा वन जंगल संरक्षण तथा वृक्षारोपण कार्यक्रम संचालनका लागि रु ५ लाख र विपदजन्य घटनाहरुको प्रतिकार गर्न रु ३० लाख बजेट विनियोजन गरेको छु ।

६५. वन तथा वातावरण संरक्षणका लागि आवश्यक जनचेतना कार्यक्रमहरु संचालन गर्न बजेट विनियोजन गरेको छु ।

सुशासन तथा संस्थागत विकास :

६६. दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसक्दा गाउँपालिका र अन्तर्गत निकायबाट उपलब्ध हुने सेवाहरु सेवाग्राहीमैत्री र गुणस्तरीय रुपमा प्रवाह हुन सकिरहेका छैनन् । रिक्त रहेका पदहरुमा स्थायी कर्मचारी मागको लागि प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत लुम्बिनी प्रदेश लोकसेवा आयोगमा माग पठाईएको छ ।

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनीराज घर्ती मगर |
| नि.प्रमुख प्रशासकीय अधिकृत | गा. पा उपाध्यक्ष | गा.पा अध्यक्ष |
| बशिष्ट नारायण यादव | भुपेन्द्रा बुढा मगर | पुनिराज घर्ति |
| नि. प्रमुख प्रशासकीय अधिकृत | गा.पा.उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

६७. स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्रलाई सक्षम, सबल, क्षमतावान र गुणस्तरीय बनाउन सकेमात्र जनमैत्री सेवा प्रवाह हुन सक्छ । आगामी आर्थिक वर्षमा कर्मचारीहरुलाई क्षमता विकास तथा व्यावसायिक तालिमहरु उपलब्ध गराईने आवश्यक बजेट विनियोजन गरेको छु । साथै कर्मचारीहरुमा नियमित अनुशासन अभिवृद्धि गर्न डिजिटल हाजिरी प्रयोगमा ल्याउने व्यवस्था मिलाएको छु ।

६८. कर्मचारीतन्त्रको कार्यसम्पादनलाई बढाउँन नमुना स्थानीय तहहरुमा अवलोकन भ्रमणमा जाने व्यवस्था मिलाएको छु । यसैगरी अतिरिक्त काम गरेको समयको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउँने व्यवस्था मिलाईनेछ जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६९. जनप्रतिनिधि र कर्मचारीबीच आपसी समन्वय, सद्भाव र सहयोगको वातावरण सिर्जना गरी गाउँपालिका र अन्तर्गत निकायहरुबाट प्रवाह हुने सार्वजनिक सेवालाई जनमैत्री बनाउँदै लगिनेछ । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, क्षमतावात, पेशागत अनुशासनप्रति प्रतिवद्ध र भ्रष्टाचारमुक्त बनाउँदै लग्ने व्यवस्था मिलाएको छु ।

७०. कुनैपनि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुले गाउँपालिकाको क्षेत्रभित्र कार्यक्रमहरु संचालन गर्नुपूर्व गाउँपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । त्यस्ता निकायका बजेट तथा कार्यक्रमहरुलाई गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक रातो किताबमा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

७१. समग्ररुपमा गाउँपालिका तथा वडा कार्यालयहरु एवम् अन्तर्गतका कार्यालयहरु संचालन गर्न कार्यालय संचालन तथा प्रशासनिक शिर्षकमा रु ६ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय**

७२. आगामी आर्थिक वर्षको विनियोजन प्रस्तुत गर्दा मैले देहायबमोजिम स्रोतहरुबाट राजश्व प्राप्त हुने अनुमान गरेको छु । आव २०७९।०८० का लागि कुल रु ५१ करोड २६ लाख ३९ हजार विनियोजन पेश गरिएको छ । जसमध्ये चालु खर्चतर्फ रु. ३१ करोड ३० लाख अर्थात ६१ प्रतिशत र पुँजीगत खर्चतर्फ रु. १९ करोड ६३ लाख ९ हजार अर्थात ३९ प्रतिशत बजेट विनियोजन भएको छ ।

७३. कुल विनियोजन मध्ये आन्तरिक राजश्व रु १ करोड, चालु आवमा विभिन्न योजनाहरु कार्यान्वयन नभई संचित कोषमा मौज्दात हुने रकम रु ५० लाख र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट रु. १० करोड ७९ लाख ९२ हजार गरी आन्तरिक आयतर्फ जम्मा रु. १२ करोड २९ लाख ९२ हजार दायित्व व्यहोरिने छ । यसैगरी विनियोजित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न संघ तथा प्रदेशको वित्तीय समानिकरण अनुदानबाट रु. १२ करोड १८ लाख ४७ हजार र सशर्त अनुदानबाट रु. २२ करोड ८८ लाख परिचालन गरिनेछ । साथै संघ तथा प्रदेश

| | | |
|---|---|---|
| बशिष्ट नारायण यादव<br>नि.प्रमुख प्रशासकीय अधिकृत<br>बशिष्ट नारायण यादव<br>नि. प्रमुख प्रशासकीय अधिकृत | भुपेन्द्र बुढा मगर<br>गा. पा उपाध्यक्ष<br>भुपेन्द्रा बुढा मगर<br>गा.पा.उपाध्यक्ष | पुनीराज घर्ती मगर<br>गा.पा अध्यक्ष<br>पुनिराज घर्ति<br>गाउँपालिका अध्यक्ष |

सरकारबाट प्राप्न हुने समपुरक तथा विशेष अनुदानबाट रु. ३ करोड ९० लाख परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

७४. आ.व. २०७९/०८० मा साझेदार संस्थाहरु नेपाल जनजागरण मञ्च, नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र, सर्वाङ्गीन विकास केन्द्र, विकास सरोकार समाज, कर्मफ्लाइट्स फाउण्डेशन तथा सुआहारा परियोजनाले संचालन गर्ने विकास कार्यक्रमहरुको विवरण प्राप्त भएको छ । ती कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय, गाउँसभाका सदस्य ज्यूहरु र पुथा उत्तरगंगा बासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरु,**

७५. आ.व. २०७९/०८० को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न आ-आफ्नो तर्फबाट सल्लाह एवम् सुझाव व्यक्त गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अहोरात्र खटिई सहयोग गर्नहुने जनप्रतिनिधि र कर्मचारीहरुप्रति आभार व्यक्त गर्दछु ।

७६. हामी, पुथा उत्तरगंगा गाउँपालिकाका सर्वाङ्गीन पक्षहरुको समावेशी र समतामुलक विकास निर्माण गरी हाम्रा नागरिकहरुको जिवनस्तरमा गुणात्मक परिवर्तन गर्ने यस सुनौलो अवसरमा उभिएका छौं । मैले आ.व. २०७९।०८० को बजेटमा ल्याएका कार्यक्रमहरु यहाँका नागरिकका वास्तविक माग र आवश्यक्तामा आधारति रहेका छन् । साथै पुथा उत्तरगंगा गाउँपालिकाको समग्र विकासमा योगदान गर्नु हामी सबैको कर्तव्य भएको व्यहोरा स्मरण गर्दै यस गरिमामय सभामा पेश भएको बजेट तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा यहाँहरुको रचनात्मक सहयोग रहिरहनेछ भन्ने कुरामा विश्वस्त छु र सदैव सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद, नमस्कार ।।

बशिष्ट नारायण यादव
नि.प्रमुख प्रशासकीय अधिकृत
बशिष्ट नारायण यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

भुपेन्द्रा बुढा मगर
गा. पा उपाध्यक्ष
भुपेन्द्रा बुढा मगर
गा.पा.उपाध्यक्ष

पुनीराज घर्ती मगर
गा.पा अध्यक्ष